**नेपाल सरकार**
**मेलम्ची खानेपानी विकास समिति**
**मेलम्ची खानेपानी आयोजनाको वर्तमान स्थिति वारे**
**प्रेश जानकारी**
**मितिः २०७४।१२।२७**
**स्थानः खानेपानी मन्त्रालय सभाकक्ष**

काठमाण्डौं उपत्यकामा खानेपानीको अभाव हटाउने उद्देश्यले सिन्धुपालचोक जिल्लाको मेलम्ची उपत्यकाका मेलम्ची, याङ्ग्री र लार्के नदीहरुवाट चरणबद्ध रुपमा दैनिक १७ करोड लीटरका दरले जम्मा ५१ करोड लीटर दैनिक पानी काठमाण्डौ उपत्यका ल्याउने गरि मेलम्ची खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन भएको थियो । सोहि अनुसार प्रथम चरणमा कार्यान्वयनमा रहेको मेलम्ची पथान्तरण स्कीम निर्माण सम्पन्न हुने अवस्थामा छ । सरकारको तर्फवाट आयोजनाको कार्यान्वयनलाई उच्च प्राथमिकता दिईएको र राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिईएको छ ।
२०७४ साल फागुन ६ गते माननीय खानेपानी मन्त्री श्रीमती विना मगरज्यूबाट मन्त्रालयको पद वहाली गरे पश्चात आयोजना स्थलको निरीक्षण गरी रोकिएको आयोजनाका काम सुचारु गर्न सम्बन्धित ब्यवसायी CMC र आयोजना प्रमुखलाई निर्देशन दिइएको थियो र स्वयं मन्त्रीज्यू प्रत्यक्ष रुपमा आयोजना स्थलको निरीक्षण गरी २५ दिन भित्र सुरुङ छिचोल्न र हाल देखिएको समस्या समाधानको पहल लिए पछि आयोजनाले निर्माण कार्यले गति लिएको हो र उक्त कार्य हाल २१ दिनमै कार्य सम्पन्न भएको छ । मन्त्रीज्यूको एक दृढ संकल्प छ कि यो राष्ट्रिय गौरवको आयोजनाको सम्मान गर्नु र छिटो भन्दा छिटो दशै अगावै उपत्यकाका जनतालाई मेलम्चीको पानी उपलब्ध गराउनु प्रमुख कार्यभारको रुपमा लिएको छ ।

अन्ततः आज लामो समयको हामी सबैको प्रयास र मेहनतबाट २०७४ चैत्र २७ गतेका दिनमा सुरुङ्गको सिन्धु-ग्याल्थुम खण्ड ७.५ कि.मी. को ब्रक थ्रु हुने अवस्थामा यो प्रेस भेटघाट कार्यक्रम तय गरिएको छ । यस अन्तिम ब्रेक थ्रू पश्चात सुन्दरीजलवाट मेलम्ची हेडवर्क्स सम्म सुरुङ्ग भित्र भित्रै पुग्न सकिने अवस्था सृजना भएको छ । २०७४ साल चैत्र २९ गते हुन लागेको ऐतिहासिक ब्रेक थ्रु को विशेष कार्यक्रममा सम्माननीय प्रधानममन्त्रीज्यूको आतिथ्यमा र सम्माननीय पूर्व प्रधानमन्त्री र माननीय मन्त्रीज्यूकै उपस्थितमा हुन लागेकोले यस अवसरलाई उत्सवको रुपमा सबैले बुझिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

साथै यस ऐतिहासिक उपलब्धिले २६ कि.मी.लामो सुरुंग खन्ने कार्य सम्पन्न भएको छ र हेडवर्क्सको मुख्य संरचना, भेण्ट साफ्ट तथा सुरुङ्गको फाईनल फिनिसिङ्ग गर्ने कार्यहरु बाँकि रहेका भएपनि आगामि केहि महिना भित्र नै सो कार्यहरु सम्पन्न गर्न सकिने भएको छ । आयोजनासँग सम्बन्धित विस्तृत विवरणहरु निम्न अनुसार राखिएको छ ।

विभिन्न दातृ निकायहरु संगको सहकार्यमा आयोजनाको निर्माणमा लगानी जुटाउने गरि सन १९९८ (तद्नुसार वि.स. २०५५ साल) मा मेलम्ची खानेपानी विकास समिति स्थापना भए पश्चात आयोजनाको बिस्तृत अध्ययन, तयारी चरणका कार्यहरु (जग्गा अधिग्रहण,सहायक पूर्वाधार निर्माण आदी) र आयोजनाका मुख्य संरचनाहरुको निर्माण सुरु गरिएको हो । सन् २००८ मा आईपुग्दा सम्म खास गरि प्रवेश मार्गको निर्माण मुआब्जा तथा क्षतिपूर्ती वितरण पुर्नवास कार्यक्रम र आयोजना प्रभावित क्षेत्रमा सामाजिक उत्थानका कार्यक्रमको सुरुवाती संचालन गर्न सकिएको हो । दातृ निकायहरुका पूर्व सर्तहरुको संबोधन गरि आयोजनालाई अगाडी बढाउन लामो समय व्यतित गर्नु परेको अवस्था सबैमा बिदितै छ ।

प्रथम चरणका मुख्य ईन्जिनियरिङ्ग (भौतिक) संरचनाहरुमा मेलम्ची नदीमा बाँध तथा ईण्टेक, रिबर्मा देखि सुन्दरिजल सम्म २६ कि.मी.पूर्ण क्षमताको (मेलम्ची ,याङ्ग्री तथा लार्के तीनवटा नदीवाट प्राप्त हुने दैनिक ५१ करोड लीटर पानी बहन सक्ने क्षमताको) मुख्य सुरुङ्ग, सिन्धु, ग्याल्थुम र अम्बाथानमा गरि १.५ की.मी. प्रवेश सुरुङ्ग (अडिट टनेल) एवं सुन्दरिजलमा १७ करोड लीटर क्षमताको पानी प्रशोधन केन्द्र पर्दछन। आयोजनाको कुल लागत २८७.४० मिलियन अमेरिकी डलर (अर्थात नेरू. करिव २७ अर्व ७६ करोड) रहेको छ।

## (क) हेडवर्क्स तथा सुरुङ्ग निर्माण तर्फ

सन २००८ मा नेपाल सरकारवाट दातृ निकाय एडिबिका सर्त अनुसार आयोजनाको पुनसंरचना गरेपछि हेडवर्क्स तथा सुरुङ्ग निर्माण कार्यको खरिद प्रकृया को सहमति प्राप्त भयो र आयोजना को मुख्य कार्यको निर्माणको प्रकृयाको थालनी भएको हो। सन् २००९ मा हेडवर्क्स तथा सुरुङ्ग निर्माण कार्यको खरिद प्रकृया सुरु भएको र फेब्रुअरि २००९मा नियुक्त गरिएको निर्माण व्यवसायी CRCC वाट तयारी कार्यहरुमा अत्यधिक समय व्यतित गरेकोले सन् २०१० को जुन महिना वाट निर्माण सुरु भएको र निर्माण कार्य समेत सुस्त गतिमा भएकोले करिव ३ वर्षको अवधिमा जम्मा ६.५ कि.मी. मात्र सुरुङ्ग खन्ने कार्य पुरा भएको हुदा सेप्टेम्बर २०१२ मा सो निर्माण कम्पनी सँगको सम्झौता रद्द गरिएको थियो ।

वाँकि रहेको निर्माण कार्यको लागि नयाँ खरिद प्रकृयामा करिव ९ महिना समय व्यतित भई सन् २०१३को जुलाईमा नयाँ निर्माण कार्यको सम्झौता भएकोमा नयाँ निर्माण व्यवसायी CMC di Ravenna वाट समेत तयारी कार्यहरु गर्नमा लामो समय व्यतित गरेकोले जनवरी २०१४ वाट मात्र निर्माण कार्य सुरु भएको थियो । २५ अप्रिल २०१५ को महाभुकम्प अघि सम्ममा CMC वाट करिव ५.१ कि.मी. सुरुङ्ग खन्ने कार्य भएको। अप्रिल २०१५देखि फेब्रुअरि २०१६ सम्मको १ वर्षको अवधिमा निर्माण कार्यमा भूकम्प तथा अन्य बिभिन्न किसिमको अवरोधहरु सृजना हुनगएकोले करिव २.१ कि.मी. मात्र सुरुङ्ग खन्ने कार्य भएकोले सम्झौता अनुसार निर्माणकार्यको हुन नसकेको अवस्था हो । सन् २०१६मा करिव ८.३ कि .मी. सुरुङ्ग खन्ने कार्य भएको (सुन्दरिजल-सिन्धू खण्ड ९.४ कि.मी. ब्रेक-थ्रु समेत ) ले सुरुङ्ग खन्ने कार्यमा उल्लेख्य उपलब्धि हासिल भएको हो । सन् २०१७ को डिसेम्बरमा ग्याल्थुम-अम्बथान खण्डको ८.२ कि.मी. समेत ब्रेक

शू्र गरिएको छ । यसरी सन २०१७ मा समेत करिव ५ कि.मी. सुरुङ्ग खन्ने कार्य गरि सकिएको छ । सन् २०१८ को हाल सम्ममा बाकी रहेका ग्याल्थुम-सिन्धु वाट मात्र सुरुङ्ग खन्ने काम भएको र उक्त स्थानमा भौगौलिक जटिलता (अत्यन्त कमजोर चट्टान) भएता पनि बाँकी ४६० मी. सुरुङ्ग खन्ने कार्य सम्पन्न भएको छ ।

हाल सम्ममा यस निर्माण सम्झौताको कुल भौतिक प्रगति ८४% तथा बित्तिय प्रगति ८०% भएको छ ।

**(ख) पानी प्रशोधन केन्द्र निर्माण तर्फ**

सुन्दरीजलमा दैनिक प्रशोधन क्षमता ८.५ करोड लीटरको पानी प्रशोधन केन्द्र भाग-१ को निर्माण पश्चात नोवेम्बर २०१७ मा परिक्षण संचालन गरि जनवरि २०१८ वाट partial take Over गरिएको छ भने पानी प्रशोधन केन्द्रको भाग-२ (थप ८.५ करोड लीटर क्षमताको केन्द्र निर्माण ) कार्यको निर्माण व्यवसायी TCPL – Pratibha JV वाट निर्माण कार्य सुरु गरि हाल सम्ममा २५% भौतिक प्रगति हासिल गरिएको छ र डिसेम्बर २०१८को अन्त्य सम्ममा पानी प्रशोधन केन्द्र भाग-२ को भौतिक निर्माण कार्य सम्पन्न गरिनेछ।

**(ग) सामाजिक उत्थान कार्यक्रम तर्फ**

आयोजना निर्माण क्रममा मेलम्ची उपत्यकाबासीहरुको सामाजिक तथा आर्थिक जीवनमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा पर्न जाने प्रतिकुल प्रभावलाई कम गर्न, उनीहरुको जीवनस्तर दीर्घकालिन रुपमा माथि उकास्न र आयोजनाबाट प्राप्त हुने फाईदाहरुमा स्थानीयबासीको हिस्सा निश्चित गराउने उदेश्यले सामाजिक उत्थान कार्यक्रम संचालन भैरहेको छ । यस आयोजनाबाट सिन्धुपाल्चोकका साविकका १४ वटा गाविसहरुमा साउका अर्न्तर्गत शिक्षा, स्वास्थ्य, ग्रामिण बिद्युतिकरण, आयआर्जन तथा सामुदायिक विकास कार्यक्रम संचालनमा रहेका छन् । साथै आयोजनाको दोश्रो चरण समेतलाई मध्यनजर गरि यस बाहेक सिन्धुपाल्चोकका साविकका १६ गाविसहरु र काभ्रेका साविकका ५ गा. वि. स. हरुमा समेत सामाजिक उत्थानका विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन् ।

**घ) वातावरण व्यवस्थापन तर्फ**

आयोजना संचालनको क्रममा स्थानीय वातावरणमा पर्न जाने नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गरी आयोजनालाई वातावरण मैत्री बनाउने उदेश्यबाट आयोजना प्रभावित क्षेत्रमा वातावरण संरक्षण सम्बन्धी कार्य संचालन गर्ने व्यवस्था समेत गरिएको छ ।

मेलम्ची खानेपानी आयोजना उप-आयोजना १ को हाल सम्मको कुल प्रगति ९३.२३ % तथा बित्तिय प्रगति ८५.१४% भएको छ । ( कुल अनुमानीत रकम रु २७ अर्व ७६ करोड मध्येको २४ अर्व २२ करोड खर्च भएको)

**ङ) आयोजनाको दोश्रो चरणको तयारी**

आयोजनाको दोश्रो चरणमा याङ्ग्री र लार्के नदीहरुबाट दैनिक १७/१७ करोड लीटर गरि थप ३४ करोड लीटर खानेपानी थप गर्ने कार्यका लागि डिजाईन परामर्शदाता समेत छनौट गरि परिचालन गरिएको छ, यसवाट आ.व. ०७४।७५को अन्त सम्ममा आयोजना बिस्तृत डिजाईन प्रतिवेदन प्राप्त हुने छ र बजेटको सुनिश्चितता भएको खण्डमा आगामी आ.व. वाट निर्माण कार्य समेत प्रारम्भ गरिने छ । याङ्ग्री र लार्के २ वटा नदीहरुमा बाँधको काम तथा २ गोटा सुरुङ्ग ( २ कि.मी. तथा ९ कि.मी.) र सुन्दरीजलमा दैनिक १७ करोड लीटर क्षमताका थप २ गोटा पानी प्रशोधन केन्द्र रहने छन्।

आयोजना संचालनको क्रममा देखिएका विभिन्न समस्याहरुको निराकरण गर्दै मेलम्ची नदीको पानी ल्याई काठमाण्डौवासीको लामो समयको पर्खाइ अन्त्य गर्न २०७५ सालको दशै अगावै मेलम्ची नदिवाट ल्याइने दैनिक १७ करोड लिटर पानी प्रशोधन गरी काठमाण्डौ उपत्यका भित्र उपलब्ध गराउने कार्यमा प्रयासरत सहयोगी परामर्शदाताहरु (EPTISA Servicous de Ingeneiria,sl Spain , NJS consultant), निर्माण व्यवसायीहरु (Cooperetive Muratori Cementesti di Ravenna, VA Tech Wabag-Prathibha Industries JV , TCPL- Prathibha JV) तथा दातृ निकायहरु (ADB ,JICA ) प्रति समिति आभार व्यक्त गर्दछ । साथै तालुक मंत्रालय नेपाल सरकारका संबद्ध बिभिन्न निकाय हरुलाई सहयोगको लागि समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अन्त्यमा, यस आयोजना निर्माण कार्यमा माननीय मन्त्रीज्यूको क्रियाशिल नेतृत्वको लागि आभार व्यक्त गर्दै काठमाण्डौ उपत्यकावासी, मेलम्ची उपत्यकावासी स्थानीय जनता, संचार जगत एवं सरोकारवालाहरुवाट हालसम्म देखाईएको धैर्यता एवं सदासयताका लागि समेत आभार ब्यक्त गर्दै यस मेलम्ची खानेपानी विकास समिति आगामी दिनमा पनि सवैको साथ र सहयोगको आपेक्षा राख्दछ ।

धन्यवाद !